DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# दलीय राजनीतिमा शिक्षक संलग्नता

अंक १३ | असोज २०८१

## सारांश

सार्वजनिक विद्यालय शिक्षाको उत्थानमा मात्र नभई समग्र समाजलाई चेतनशील बनाउनेमा शिक्षकको योगदान छ । त्यसबाहेक लोकतान्त्रिक अभियान र आन्दोलनमा समेत तिनको विशिष्ट योगदान छ। कठिन परिवेशमा राजनीतिक दललाई सांगठानिक गतिविधि गर्न शिक्षकले नै सघाएका थिए। अर्कातिर, दलमा लाग्ने शिक्षकले दल शक्तिशाली हुँदा त्यसको फाइदा पनि लिए। नियुक्ति, सरुवा, बढुवा आदिमा राजनीतिक शक्ति सम्बन्धले भूमिका खेल्ने अर्को वास्तविकता हो। यस प्रकार राजनीतिक दलहरूले शिक्षकलाई सदस्य बनाएका छन् र शिक्षकले पनि त्यसरी बनेको राजनीतिक सामर्थ्यको उपयोग गरेका छन्।

संविधानले नै सबै पेशाकर्मीलाई पेशागत हकहितको उत्थानका लागि ट्रेड युनियनमा सङ्गठित हुने अधिकार दिएको छ । तर त्यसबाहेक पनि शिक्षकहरू दलगत आधारमा सङ्गठित छन् । बलियो जनाधार भएका अधिकांश राजनीतिक दलसँग भातृ सङ्गठन या शुभेच्छुक सङ्गठनका रूपमा शिक्षक समूह छ। नेपाली कानूनले भने शिक्षकलाई दलीय राजनीतिमा संलग्न हुन बर्जित गरेको छ । त्यसैले बेलाबेलामा अदालती आदेश र निर्वाचन आयोगका निर्देशन भने शिक्षकको दलीय आबद्धताविरुद्ध आएको पाइन्छ। तर पनि शिक्षकले दलीय राजनीति छोड्न सकेका छैनन्। त्यसैले निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले वैशाख ४, २०८१ मा शिक्षकलाई राजनीतिक क्रियाकलाप र दलीय आबद्धता त्याग्न निर्देशन दिएकी थिइन्। उनको यो कदमपछि राजनीतिमा शिक्षकको सहभागिताबारे बहस बढेको थियो। सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर कमजोर हुँदै जानुका कारणहरूमध्ये शिक्षकको राजनीतिमा संलग्नता पनि एक मानिन्छ। शिक्षकले दलीय राजनीतिमा सक्रिय भई शिक्षण पेशामा लागिरहँदा दुवैलाई न्याय गर्न सकेका छैनन् । त्यसैले राजनीतिक दलहरूले बहालवाला शिक्षकलाई सदस्य नबनाउन उचित हुन्छ।

## परिचय

नेपालको लोकतान्त्रिक अभियानमा शिक्षकहरूको विशेष योगदान छ। पञ्चायत कालमा राजनीतिक दलमाथि प्रतिबन्ध लगाइएको थियो। बहुदलीय व्यवस्था र प्रजातन्त्र पुनर्स्थापनाका लागि ती प्रतिबन्धित दलहरूले भित्रभित्रै अभियान चलाएका थिए र सोही अभियानमा आम जनतालाई सुसूचित र सङ्गठित गर्न शिक्षकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। पछि २०६२/०६३ को दोस्रो जनआन्दोलनमा समेत शिक्षकहरूको सक्रिय सहभागिता रह्यो । यी चरणहरूमा शिक्षकको दलगत राजनीतिमा संलग्नता थियो र त्यो क्रम अहिले पनि जारी छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइपुग्दा भने शिक्षकले दलीय राजनीतिमा भाग लिनुको औचित्यबारे प्रश्न उठेको पाइन्छ। कानूनले पनि शिक्षकलाई दलीय राजनीतिक क्रियाकलापमा सक्रिय हुन निषेध गरेको छ। त्यसैले निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले वैशाख ४, २०८१ मा शिक्षकलाई राजनीतिक क्रियाकलाप र दलीय आबद्धता त्याग्न निर्देशन दिएकी थिइन्। उनको यो कदमलाई शिक्षक सङ्गठनहरू, शिक्षक महासंघ, तथा अन्य राजनीतिक दलहरूले आलोचना गरेका थिए।

शिक्षक र दलीय राजनीतिको यही सेरोफेरोमा यस राजनीतिक परिवेश विश्लेषण केन्द्रित छ। पूर्व प्रकाशित सामग्रीका साथै शिक्षक सङ्गठनका प्रतिनिधि तथा शिक्षा क्षेत्रमा अध्ययन अनुसन्धानमा संलग्न व्यक्तिहरूसँगका कुराकानीका आधारमा यस विश्लेषण तयार पारिएको हो।

## ऐतिहासिक पृष्ठभूमि

पञ्चायत कालदेखि नै शिक्षकहरू राजनीतिक क्रियाकलापमा सहभागी थिए। त्यतिबेला राजनीतिक दलमाथि प्रतिबन्ध लागेकाले शिक्षकहरूले नै भूमिगत रूपमा दलका गतिविधिमा सघाउने तथा तिनका विचार प्रचारप्रसार गर्थे। मार्टिन चौतारीका अध्येता देवेन्द्र उप्रेतीका अनुसार "पढेबुझेको व्यक्ति, युवा अवस्थाको, आफ्नै कमाइ भएको र दलले आर्थिक हिसाबले पाल्नु

नपर्ने भएकाले शिक्षकलाई सदस्य बनाउन राजनीतिक दलहरू लागि परेका थिए।"[१]

शिक्षकहरूले पेशागत हकहितका लागि ट्रेड युनियन बनाउने प्रयास २०३२ सालदेखि गरे पनि २०३६ सालमा मात्र नेपाल राष्ट्रिय शिक्षक सङ्गठन (नेराशिसं) स्थापना गर्न सफल भए।[२] पढेलेखेका जमात हुनाले शिक्षकहरू राजनीतिक हिसाबले सामान्यजनभन्दा सचेत थिए। त्यसैले ट्रेड युनियनमा आबद्ध शिक्षकहरू दलीय राजनीतिमा पनि संलग्न भए। खासगरी उक्त सङ्गठनमा बामपन्थीको पकड थियो। यद्यपि सङ्गठनकै केही शिक्षक भने निर्दलीय पञ्चायती व्यवस्था समर्थक पनि थिए।

पञ्चायतविरुद्ध आन्दोलनमा सहभागी पूर्व शिक्षक कुन्ता शर्मा भन्छिन्, "दल र नेता भूमिगत थिए। केही नेता जेलमा थिए। त्यसबेला शिक्षकहरूले नै चेतना र परिवर्तनको मुद्दा बोकेका थिए। तिनले पेशागत हकहितका माग राखी आन्दोलन गरे। त्यही आन्दोलनमा कति शिक्षकको मृत्यु भयो, कति जेल गए, कतिको जागिर गयो, कति पलायन भए, कतिलाई कारवाहीस्वरूप टाढाटाढा सरुवा गरी दुःख दिइयो।"[३] जागिरबाट हटाइएको र टाढाको विद्यालयमा सरुवा गरिदिएको आफ्नै अनुभव सुनाउँदै उनले थपिन्, "त्यसबेला राजनीतिक दलले नै शिक्षकलाई क्रान्ति गर, परिवर्तनका लागि लड भन्दै आन्दोलनमा जान प्रोत्साहन गर्थे।" २०४६ सालको जनआन्दोलनपछि नेपाली काँग्रेस समर्थक शिक्षकहरूले नेपाल राष्ट्रिय शिक्षक सङ्गठनबाट छुट्टिएर नेपाल शिक्षक संघ स्थापना गरे।[४] बहुदलीय व्यवस्थाको अभ्याससँगै अन्य राजनीतिक दलहरूले पनि आफ्ना भातृ सङ्गठनका रूपमा सङ्गठित हुन शिक्षकलाई प्रोत्साहन गरिरहे। माओवादी द्वन्द्वकालमा पनि शिक्षकहरूले माओवादी विचारधारा फैलाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए।[५] नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नै शिक्षण पृष्ठभूमिबाटै राजनीतिमा आएका हुन्। यसरी शिक्षण अनुभवपछि राजनीतिक दलको नेतृत्व तहमा पुग्ने व्यक्तिहरू अरू पनि छन्।

दलैपिच्छे शिक्षकका सङ्गठन भए पनि सरकारसँग माग राख्ने, वार्ता गर्ने र सहमतिमा पुग्ने जस्ता कामका लागि साझा युनियन आवश्यक भएको महसुस गरी पहिला शिक्षक युनियन बनाइएको थियो। अहिले शिक्षक युनियनलाई नेपाल शिक्षक महासंघ बनाइयो र यो विभिन्न सङ्गठनहरूको छाता सङ्गठनका रूपमा सक्रिय छ। तर दल निकटका सङ्गठन कायमै छन्।

## कानूनी व्यवस्था

विज्ञान र प्रविधिका साथै राजनीतिक व्यवस्था र शैक्षिक विकासमा परिवर्तन भइरहे पनि नेपालमा शिक्षा ऐन, २०२८ नै अहिलेसम्म पनि क्रियाशील छ। यद्यपि परिवर्तित सन्दर्भलाई व्यवस्थापन गर्ने उद्देश्यले यसमा बरोबर संशोधन भने गरिएको पाइन्छ। शिक्षा ऐन, २०२८ को सातौँ संशोधनमा शिक्षकले कुनैपनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, कुनै राजनैतिक दलको कुनैपनि पदमा रही काम गर्न वा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्नुहुँदैन भनिएको छ।[६] यसै शिलशिलामा शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले शिक्षकहरूलाई राजनीतिमा आबद्ध हुन नपाउने व्यवस्था गरेको छ। ऐनको दफा १६ (ङ) उपदफा ५ को खण्ड 'छ' मा "शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा पदबाट हटाइने छ," भनी उल्लेख गरिएको छ।[७] राष्ट्रिय शिक्षा नीति २०७६ मा विद्यालय, प्राविधिक शिक्षालय, विश्वविद्यालय वा शिक्षण संस्थाका शिक्षक र कर्मचारीले तोकिएको दैनिक कार्य समयावधिभर शिक्षासँग सम्बन्धित बाहेक कुनै पनि पेशामा आबद्ध हुने वा कुनै पनि गैरसरकारी संस्थाका गतिविधि वा राजनीतिक क्रियाकलापमा सहभागी हुने कार्यमा रोक लगाइने भनिएको छ।[८] शिक्षा नियमावली २०५९ को परिच्छेद २२ को दफा १३३ मा शिक्षकले पालना गर्नुपर्ने आचारसंहिताबारे उल्लेख छ। उक्त दफाको 'ग' मा आफ्ना सेवा सम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्ने प्रयत्न गर्न नहुने भनिएको छ।[९]

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा २ को खण्ड 'ग' बमोजिम दलको सदस्यता प्राप्त गर्न "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारी पदमा बहाल नरहेको" हुनुपर्छ।[१०] साथै विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त गराउने उद्देश्यले २०६८ मा विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ जारी भएको थियो।[११] विद्यालय शिक्षा विधेयक संघीयता कार्यान्वयन भएको नौ वर्षसम्म पास हुन सकेको छैन। हाल (भदौ २०८१) प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रहेको शिक्षा ऐन, २०२८ लाई विस्थापित गर्ने गरी ल्याइएको विद्यालय शिक्षा विधेयकमा पनि शिक्षकले राजनीतिक दल वा दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन र राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था छ।[१२] उक्त विधेयकको दफा १५३ मा विद्यालयका शिक्षक र कर्मचारीको पेशागत हकहितको सम्बन्धमा

[१] उप्रेतीसँग भदौ १०, २०८१ मा गरिएको कुराकानी।

[२] घिमिरे, सुदर्शन। २०६४। दलीय दलदलबाट मुक्त होला ? *शिक्षक*, चैत ६। www.shikshakmasik.com/647/दलीय-दलदलबाट-मुक्त-होला ? मा उपलब्ध; भदौ १८, २०८१ मा हेरिएको।

[३] शर्मासँग भदौ १८, २०८१ मा गरिएको कुराकानी।

[४] भुसाल, यम पी.। २०७१। शिक्षा, राजनीति र पेशागत आन्दोलनको भविष्य। *शिक्षक*, असोज १। www.shikshakmasik.com/2477/शिक्षा,-राजनीति-र-पेशागत-आन्दोलनको-भविष्य मा उपलब्ध; भदौ २८, २०८१ मा हेरिएको।

[५] थाहा खबर। २०७५। जनयुद्धमा शिक्षकको भूमिका अतुलनीय : प्रचण्ड। वैशाख १४। https://thahakhabar.com/news/37975/ मा उपलब्ध; भदौ १८, २०८१ मा हेरिएको।

[६] शिक्षा ऐन, २०२८।

[७] शिक्षा ऐन, २०२८।

[८] राष्ट्रिय शिक्षा नीति, २०७६।

[९] नेशिक्षा नियमावली २०५९।

[१०] राजनीतिक दलसम्बन्धी ऐन, २०७३।

[११] शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय। २०८१। विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८। www.doe.gov.np/assets/uploads/files/6d342ea1ad0ff5e6b6b8c346a28c3780.pdf मा उपलब्ध; भदौ १८,२०८१ मा हेरिएको।

[१२] शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय। २०८१। विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक। https://hr.parliament.gov.

कार्य गर्न गैर राजनीतिक र व्यावसायिक संस्थाको रूपमा एक नेपाल शिक्षक महासंघ रहने उल्लेख गरिएको छ। सारमा, सबै कानूनले शिक्षकलाई दलीय राजनीतिका गतिविधिमा लाग्न निषेध गरेका छन्।

## *अदालतको आदेश र निर्वाचन आयोगको निर्देशन*

प्रचलित कानूनविपरीत शिक्षक राजनीतिक दलको गतिविधिमा लागिरहेकाले यसविरुद्ध अदालतमा रिट दायर भएका उदाहरण छन्। मङ्सिर २७, २०७८ मा सर्वोच्च अदालतले दलको कुनै पनि तहको अधिवेशनमा शिक्षक मतदाता हुन नपाउने अन्तरिम आदेश जारी गरेको थियो।[१३] नेपाली काँग्रेसको महाधिवेशनको प्रतिनिधिका रूपमा शिक्षकहरू चुनिएपछि सर्वोच्च अदालतमा रिट दायर भएको थियो।

त्यसै गरी, शिक्षकहरू महाधिवेशनमा व्यस्त भएकाले विद्यालयको पठनपाठन प्रभावित भएको भनी अजित भण्डारीले कात्तिक २५, २०७८ मा पाटन उच्च अदालतमा रिट दायर गरेका थिए। त्यसको सुनुवाइ गर्दै पाटन उच्च अदालतले जेठ ४, २०७९ मा शिक्षकलाई राजनीतिक दलको सदस्यता प्रदान नगर्नू नगराउनू भनी प्रधानमन्त्री कार्यालय, शिक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, निर्वाचन आयोग, त्रिभुवन विश्वविद्यालय, नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] को नाममा परमादेश जारी गरेको थियो।[१४] शिक्षकहरू राजनीतिमा भाग लिन नपाउने कानूनी प्रावधान भएकाले त्यस्तो परमादेश जारी भएको थियो।

साउन १५, २०७९ मा निर्वाचन आयोगले दलको सदस्यता लिएका तीनै तहका सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाका बहालवाला शिक्षक र कर्मचारीलाई कारवाही गर्न निर्देशन दिएको थियो।[१५] यस्तै मङ्सिर ७, २०७८ मा निर्वाचन आयोगले विज्ञप्ति जारी गर्दै राजनीतिक दलहरूलाई सार्वजनिक पदमा बहाल रहेका शिक्षक, कर्मचारी, प्राध्यापकहरूलाई दलको सदस्य नबनाउन निर्देशन दिएको थियो।[१६] शिक्षक सङ्गठनले यी निर्देशनको विरोध जनाएका थिए। राजनीतिक दलहरूले पनि यसलाई कार्यान्वयन गरेको देखिँदैन। नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को महाधिवेशनमा शिक्षक, प्राध्यापक प्रतिनिधिका रूपमा सहभागी हुने गरेका समाचार सञ्चारमाध्यममा देखिन्छन्।[१७]

## राजनीतिक दल र शिक्षक : पुरक सम्बन्ध

राजनीतिमा शिक्षकको सक्रिय संलग्नता लामो समयदेखि बहसमा थियो। निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले वैशाख ४, २०८१ मा दलीय राजनीतिमा आबद्ध शिक्षकलाई कारवाही गर्ने निर्णय गरेपछि यो बहस अझ चुलियो। लोकतान्त्रिक समाजमा अन्य नागरिकझैँ शिक्षकहरूले पनि राजनीति गर्न पाउनुपर्ने तर पेशागत मर्यादा भने कायम राख्नुपर्ने तर्क यसका पक्षधरहरू गर्छन्।[१८] अर्कातर्फ, ऐन कानूनले पनि बन्देज लगाएको र शिक्षकहरू दलीय राजनीतिमा सक्रिय हुँदा आफ्नो पेशाप्रति न्याय गर्न नसक्ने हुनाले विद्यालयको पठनपाठनमा नकारात्मक असर परेको विपक्षीले तर्क गर्छन्।[१९]

शिक्षक सङ्गठनका केन्द्रीय नेतृत्वको दाबीअनुसार नेपाली काँग्रेस निकट मानिएको नेपाल शिक्षक संघमा ९० हजार, नेकपा (एमाले) निकट मानिएको नेपाल राष्ट्रिय शिक्षक सङ्गठनमा ८० हजार, नेकपा (माओवादी केन्द्र) निकट मानिएको एकीकृत अखिल नेपाल शिक्षक संघमा ४० हजार शिक्षक आबद्ध छन्।[२०] सामुदायिक विद्यालयका करिब तीन लाख शिक्षक कुनै न कुनै राजनीतिक दलसँग आबद्ध रहेको बताइन्छ। शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाका अनुसार दलका शीर्षस्थ नेताहरू पनि शिक्षकलाई सदस्यता नदिनेबारे निर्णय गर्दैनन् भने शिक्षकहरू पनि दलमा आबद्ध हुन पाउनु आफ्नो ट्रेड युनियन अधिकार हो भनेर बुझेका छन् र सोहीअनुरूप आवाज उठाउँदै आएका छन्।[२१]

विद्यमान ऐन कानूनले शिक्षकलाई दलगत राजनीतिमा सक्रिय रूपमा सहभागी हुन नपाउने व्यवस्था गरे पनि राजनीतिक दल शिक्षकलाई राजनीतिबाट अलग गराउन र शिक्षक पनि राजनीतिबाट अलग हुन प्रतिबद्ध देखिँदैनन्। मार्टिन चौतारीका अध्येता देवेन्द्र उप्रेतीका अनुसार गाउँगाउँसम्म शिक्षकहरूको ठूलो सञ्जाल हुनुका साथै आमजनताको विश्वास जित्न सक्ने भएकाले राजनीतिक दलले शिक्षक मन पराउँछन्। "नियमित आम्दानी हुनाले शिक्षकहरू दललाई आर्थिक सहयोग गर्न सक्षम, दलको सङ्गठन विस्तारमा प्रभावकारी र चुनाव ताका मतदातालाई समेत प्रभाव पार्न सक्ने भएकाले तिनलाई दलमा आबद्ध गराउन राजनीतिक दलहरू नै चाहन्छन्," उनले

np/uploads/attachments/kycsri0wk5dlhuy2.pdf मा उपलब्ध; भदौ १८, २०८१ मा हेरिएको।

[१३] अन्नपूर्ण पोस्ट्। २०७८। सर्वोच्चको अन्तरिम आदेश : शिक्षक दलको अधिवेशन र कार्य समितिको मतदाता नबन्नू। मङ्सिर २७। https://annapurnapost.com/story/191887 मा उपलब्ध; भदौ २, २०८१ मा हेरिएको।

[१४] उच्च अदालत पाटन। २०७९। मुद्दा नं.- ०७८-WO-०४०८। https://supremecourt.gov.np/cp/#listTable मा उपलब्ध; भदौ १८, २०८१मा हेरिएको।

[१५] निर्वाचन आयोग नेपाल। २०७९। राजनीतिक दलको सदस्यता वितरण र अद्यावधिक गर्ने सम्बन्धमा। https://election.gov.np/admin/public//storage/Press%20Release/1/Press%20Release%202079-04-15.pdf मा उपलब्ध; भदौ २३, २०८१ मा हेरिएको।

[१६] कान्तिपुर। २०७८। शिक्षक कर्मचारीलाई दलका पदाधिकारी र सदस्यबाट हटाउन आयोगको निर्देशन। मङ्सिर ७। https://ekantipur.com/news/2021/11/23/163766441092721 07.html मा उपलब्ध; भदौ १०, २०८१ मा हेरिएको।

[१७] गौतम, भवानीश्वर। २०७८। ठूला दलका महाधिवेशनमा बहालवाला शिक्षक प्रतिनिधि। पुस १५। https://nayapatrikadaily.com/news-details/77566/2021-12-30 मा उपलब्ध; भदौ २, २०८१ मा हेरिएको।

[१८] राउत, राम बहादुर। २०८१। के शिक्षकले राजनीति गर्नुहुन्छ ? असार २२। www.edukhabar.com/news/16270 मा उपलब्ध; भदौ १७, २०८१ मा हेरिएको।

[१९] मिश्र, चैतन्य। २०७१। शिक्षामा चाहिएको राजनीति। *शिक्षक*, साउन १। www.shikshakmasik.com/2422/शिक्षामा-चाहिएको-राजनीति मा उपलब्ध; भदौ १८, २०८१ मा हेरिएको।

[२०] कोइरालासँग भदौ २८, २०८१ मा गरिएको कुराकानी।

[२१] कोइरालासँग भदौ २८, २०८१ मा गरिएको कुराकानी।

भने ।[२२] यसकारण ठूला राजनीतिक दलहरूले शिक्षकलाई राजनीतिबाट अलग्याउने आँट नगरेको देखिन्छ ।

अर्कातर्फ, शिक्षकहरू पनि राजनीतिबाट अलग हुन चाहँदैनन् । यसको एक मुख्य कारण सरुवा तथा बढुवामा भएको राजनीतिक प्रभाव हो । शिक्षकहरू दलका प्रभावशाली नेतासँग सम्बन्ध विस्तारको अवसर बन्ने र पछि अप्ठ्यारो पर्दा सहयोग पाइने हुनाले दलमा आबद्ध हुँदा आफूलाई सुरक्षित ठान्छन् । सामान्य शिक्षकले सहजै घरपायक वा आफूले रोजेको विद्यालयमा पढाउन पाउने अवस्था कमै हुने, सरुवा वा बढुवाका लागि दलको पहुँच हुनुपर्ने नभए पैसा दिनुपर्ने स्थिति राजनीतिक दलहरूले नै विकास गरेका कारण शिक्षकहरू विभिन्न दलमा लाग्न बाध्य भएको शिक्षक सङ्गठनका पदाधिकारीको दाबी छ । एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय अध्यक्ष शंकर अधिकारी भन्छन्, "अहिले स्थानीय तहमा खाली भएका कतिपय ठाउँका शिक्षकको पदमा दलले आफ्ना कार्यकर्ता राख्ने गरेका छन् । शिक्षकहरू कुनै दलसँग आस्था राखेन भने कुन बेला सरुवा हुने हो, कहाँ पुग्ने हो, केही टुंगो हुँदैन । हेप्ने, दुःख दिने त्यत्तिकै हुन्छ ।"[२३]

पञ्चायत कालमा राजनीति गर्न शिक्षक बनेकाहरू र पछि शिक्षक पृष्ठभूमिबाटै कतिपय व्यक्ति राजनीतिक दलको महत्त्वपूर्ण पदमा पुगेकाले उनीहरूको शिक्षक सङ्गठनहरूसँग निकट सम्बन्ध रहेको शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइराला बताउँछन् ।[२४] उनका अनुसार कतिपय शिक्षकहरू भविष्यमा राजनीतिक दलको नेतृत्व तहमा पुग्ने महत्त्वाकांक्षासहित शिक्षण पेशामा आएका हुनाले राजनीतिमा सक्रिय भई आफ्नो छवि बनाउन ती लागिपरेका हुन्छन् ।

## *शिक्षामा असर*

सरकारी तथ्याङ्कअनुसार कक्षा १ देखि १० सम्म सामुदायिक विद्यालयमा १७९,३५५ र प्राविधिक विद्यालयमा ८५ हजार शिक्षक छन् ।[२५] सामुदायिक विद्यालयको गुणस्तर हरेक वर्ष कमजोर हुँदै गएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजाले देखाउँछ । २०८० को एसईई परीक्षामा ५२ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण भए ।[२६] यस्तो कमजोर नतिजाका विविध कारणमध्ये विद्यालयमा राजनीतिक हस्तक्षेप बढ्नु र शिक्षक दलीय राजनीतिमा लाग्नुलाई मुख्य मानिन्छ । शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइराला सामुदायिक विद्यालयको गुणस्तर खस्किनुको पहिलो कारण शिक्षक दलीय राजनीतिमा लाग्नुलाई मान्छन् । उनी भन्छन्, "दलको कार्यक्रममा शिक्षक विद्यार्थी प्रयोग हुन्छन् । कार्यक्रम र आन्दोलन गर्न शिक्षकहरू कक्षा छोडेर जान्छन् र यस्ता शिक्षकहरूलाई दलबाटै संरक्षण हुन्छ । यसकारण सामुदायिक विद्यालय राजनीतिक दलको दलदलमा फस्न गयो र संरक्षणवाद बलियो भएपछि पठनपाठन नराम्ररी प्रभावित भएको छ ।"[२७]

शिक्षामा दलीयकरण भएकै कारण गुणस्तर खस्किएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद एवम् पूर्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले राजनीतिक दलमा आबद्ध शिक्षकलाई कारवाहीको पहल गरेकी थिइन् । श्रेष्ठ सम्मिलित रास्वपाले कुनै पनि किसिमको भातृ सङ्गठन नहुने, पेशागत र अन्य व्यक्तिको आवश्यकता र मागलाई पार्टीको मूल संरचनाबाटै उठाइने र नेपालीलाई राजनीतिभन्दा आफ्नो कर्ममा तल्लीन हुन प्रोत्साहन गरिने भनेर धारणा सार्वजनिक गरेको छ ।[२८]

शिक्षक दलीय राजनीतिमा सक्रिय हुँदा गुणस्तर खस्किएको भन्ने आरोपमा शिक्षक सङ्गठनका पदाधिकारी भने सहमत छैनन् । शिक्षा क्षेत्रमा राज्यको कम लगानी हुनु, दरबन्दीअनुसार शिक्षक नहुनु, दलले नै आफ्नो स्वार्थअनुसार विद्यालयलाई प्रयोग गर्नु जस्ता कारणले शिक्षकहरू झन् मारमा परेको नेपाल शिक्षक संघका अध्यक्ष सोमनाथ गिरी बताउँछन् ।[२९]

## *स्थानीय तहमा देखिएको प्रभाव*

संघीयता कार्यान्वयनसँगै विद्यालय शिक्षा स्थानीयकरण त भयो र यसले सामुदायिक विद्यालयमा जनप्रतिनिधिको निगरानी बढाएको छ । कानूनतः वडाध्यक्षहरू विद्यालय व्यवस्थापन समिति (विव्यस) को पदेन सदस्य हुन्छन् र केही स्थानीय तहमा वडाध्यक्ष नै विव्यस अध्यक्ष हुने गरेका छन् । त्यससँगै विद्यालय शिक्षामा राजनीतिक आग्रह र पूर्वाग्रह पनि भित्रिएका छन् । अर्कातिर, समाजका अगुवा तथा जाने बुझेका पहुँचवाला परिवारले आफ्ना बालबालिका निजी विद्यालयमा पढाउने हुनाले सामुदायिक विद्यालयप्रति तिनको चासो र चिन्ता घटेको छ । यसको फाइदा लिँदै राजनीतिक गतिविधिमा सक्रिय शिक्षकलाई सजिलो भएको छ ।

स्थानीय तहका विद्यालयमा कसरी राजनीतिक हस्तक्षेप भइरहेको छ भन्ने उदाहरण बित्थडचिर गाउँपालिका, बझाङको सुनकुडा माध्यमिक विद्यालय (मावि) मा प्रधानाध्यापक नियुक्तिको विषयमा भएको विवादलाई हेर्न सकिन्छ । कुन दलको प्रधानाध्यापक (प्रअ) बनाउने भन्ने विषयमा भएको विवादका कारण उक्त विद्यालय २०८० सालमा साढे तीन महिना बन्द भएको थियो । माघ २६, २०७९ मै विव्यस बैठकले सर्वसम्मत रूपमा प्रअ नियुक्तिको सिफारिस गरेपछि शिक्षा विकास तथा समन्वय इकाईले नियुक्त गरे पनि गाउँपालिकाले प्रक्रिया नपुगेको भन्दै अख्तियारी दिन मानेन । पालिका अध्यक्ष नेपाली काँग्रेसको भएकाले प्रक्रिया नपुगेको निहुँमा कम्युनिष्ट समर्थकलाई किन प्रअ बनाउने भनेर अख्तियारी नदिएको अभिभावकको भनाइ थियो ।[३०]

---

[२२] उप्रेतीसँग भदौ १०, २०८१ मा गरिएको कुराकानी ।

[२३] अधिकारीसँग भदौ ८, २०८१ मा गरिएको कुराकानी ।

[२४] कोइरालासँग भदौ २८, २०८१ मा गरिएको कुराकानी ।

[२५] शिक्षा तथा मानव स्रोत विकास केन्द्र । २०७९ । फ्ल्यास रिर्पोट २०७९ । https://nepalindata.com/media/resources/items/0/bFLash_I_report_2079_2022_23.pdf मा उपलब्ध; भदौ १८,२०८१ मा हेरिएको ।

[२६] बीबीसी नेपाली । २०७९ । एसईईको नतिजा प्रकाशित - पूरक परीक्षा कहिले, पुनर्योग र पुन: परीक्षणको प्रक्रिया कस्तो । असार १३ । www.bbc.com/nepali/articles/ce9311 6k36no# मा उपलब्ध; भदौ १७, २०८१ मा हेरिएको ।

[२७] कोइरालासँग भदौ २८, २०८१ मा गरिएको कुराकानी ।

[२८] राष्ट्रिय स्वतन्त्र पार्टी । मिति उल्लेख नभएको । हामी कसरी फरक छौँ । https://rspnepal.org/about/how-we-are-different मा उपलब्ध; भदौ २२, २०८१ मा हेरिएको ।

[२९] गिरीसँग भदौ १०, २०८१ मा गरिएको कुराकानी ।

[३०] सिंह, वसन्तप्रताप । २०८० । विद्यालयमा राजनीति । *कान्तिपुर*, असोज ७ । https://ekantipur.com/Education/2023/09/24/politics-in-schools-50-34.html?author=1 मा उपलब्ध; भदौ २०, २०८१ मा हेरिएको ।

साउन २०८० मा धादिङको सिद्धलेक गाउँपालिका वडा नं. ३ स्थित पञ्चमुखी माविमा दरबन्दी नै खाली गरेर राजनीतिक आस्थाको आधारमा शिक्षक सरुवा गरेको भन्दै अभिभावकले वडा कार्यालयमा तालाबन्दी गरेका थिए।[३१] गाउँपालिकाले १३ शिक्षकको विद्यालय साटफेर गरेको थियो र यो कार्य राजनीतिक आस्थाको आधारमा भएको भनी नेकपा-एमालेको गाउँ कमिटीले जिल्ला शिक्षा विकास तथा समन्वय इकाइमा ज्ञापनपत्र बुझाएको थियो।[३२]

यी दृष्टान्तहरूले राजनीतिक दल र शिक्षकको आपसी सम्बन्ध प्रस्ट्याउँछन्। सङ्गठनमा शिक्षकको संलग्नता पेशागत बृहत्तर हक हितका लागि मात्रै नभई आफ्नै व्यक्तिगत स्वार्थसमेत गाँसिएको छ। राजनीतिक दलका लागि पनि शिक्षक कुशल सङ्गठक र भोट बैंक बनेका छन्। त्यसैले कानूनतः राजनीतिमा शिक्षक लाग्न नपाइने भए पनि यसको बेवास्ता हुँदै आएको छ जसले गर्दा विद्यालयको पठनपाठन प्रभावित भएको छ।

## सरकार र दलहरूको भूमिका

कानूनतः बर्जित हुनुका साथै अदालत र निर्वाचन आयोगले समेत पटकपटक निर्देशन दिए पनि राजनीतिक दलमा शिक्षकको आबद्धता घटेको छैन, बरु बढ्दै गएको छ। नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) को विधानमा प्रचलित कानूनले अयोग्य ठहरिएको व्यक्तिलाई सदस्यता नदिने भनिएको छ। नेकपा (एमाले) ले भने यसबारे विधानमा केही उल्लेख गरेको छैन। यी दलहरूका चुनावी घोषणापत्रमा विद्यालय र विश्वविद्यालयलाई दलीय राजनीति मुक्त बनाउने भनिएको पनि पाइन्छ। तर शिक्षक, प्राध्यापक, विद्यार्थी आदिबाट नै दलको भविष्यको आधार तयार भइरहेको हुनाले शिक्षामा दलहरूको द्वैध नीति भएको पूर्व शिक्षा सचिव गोपीनाथ मैनालीको तर्क छ।[३३]

यद्यपि, नेपाली काँग्रेसमा भने राजनीतिमा शिक्षकको संलग्नताबारे केही बहस उठेको पाइन्छ। फागुन ७ देखि ११, २०८० सम्म भएको महासमिति बैठकमा महामन्त्री गगन थापाले शिक्षक राजनीतिमा आउने भए पेशाबाट राजीनामा दिनुपर्ने र त्यसका लागि विधानबाट ढोका खोलिदिनुपर्ने प्रस्ताव गरेका थिए।[३४] भदौ १६, २०८१ मा बसेको नेपाली काँग्रेसको केन्द्रीय समिति बैठकले विधान संशोधनका लागि मस्यौदा समिति गठन गर्ने निर्णय गरेको छ र त्यस समितिले कानूनले दलमा आबद्ध हुन रोक लगाएका शिक्षक, सरकारी कर्मचारी, प्राध्यापक लगायतका विषयमा पनि सम्बोधन हुने गरी निर्णय गर्ने बताइन्छ।[३५]

हालका प्रधानमन्त्रीसमेत रहेका नेकपा-एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने राजनीतिमा लागेका शिक्षकको बचाउ गर्दै राजनीतिक दलको सदस्यताबाट अलग्याउन पहल गरेकी पूर्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठको आलोचना गरे।[३६] राजनीतिक दलमा आबद्ध शिक्षकलाई कानूनअनुसार कारबाही गर्ने पूर्वमन्त्री श्रेष्ठको निर्णयप्रति सत्तापक्षकै केही सांसदले पनि विमति जनाएका थिए।[३७] त्यसैगरी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले शिक्षकहरूलाई राजनीति गर्न नदिए पार्टी प्रणाली नै कमजोर हुने दाबी गरेका थिए। मङ्सिर ७, २०७८ मा एक कार्यक्रममा बोल्दै दाहालले शिक्षकलाई राजनीति गर्न नदिने हो भने दलीय प्रणाली कमजोर हुने बताएका थिए।[३८] यद्यपि, असोज ४, २०८१ मा संसदीय समितिमा बोल्दै नेकपा (एमाले) का सांसद रघुजी पन्तले इतिहासको आन्दोलनमा शिक्षकले पुऱ्याएको योगदानलाई कदर गर्दै अब शिक्षकहरूले सेवामा रहेसम्म दलीय राजनीतिमा लाग्न नहुने र शिक्षक सङ्गठन पनि एउटै राख्नुपर्ने प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताए।[३९]

## दलीयकरण हटाउने प्रयास

वैशाख ७, २०८१ शिक्षा मन्त्रालयको निर्णयअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रले राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको शिक्षक कर्मचारीलाई कारबाही गर्न भन्दै देशभरका जिल्ला शिक्षा तथा विकास समन्वय इकाइलाई पत्र पठायो। त्यसमा स्थानीय तहलाई आवश्यक समन्वय र सहजीकरणका लागि आग्रह गरिएको थियो।[४०] साथै मन्त्रालयले स्थानीय तह र निर्वाचन आयोगलाई शिक्षकहरूको राजनीतिक आबद्धतासम्बन्धी तथ्याङ्क मागेको थियो।

---

[३१] अधिकारी, सीताराम। २०८०। शिक्षक सरुवाविरुद्ध वडाकार्यालयमा तालाबन्दी। *न्यूज अफ नेपाल*, भदौ १३। https://newsofnepal.com/2023/08/30/592834/ मा उपलब्ध; भदौ १६, २०८१ मा हेरिएको।

[३२] जनआस्था। २०८०। नियमविपरीत शिक्षक सरुवापछि धादिङमा ठूलै तरंग, एमालेको चर्को विरोध। साउन ३०। https://janaaastha.com/story/143519 मा उपलब्ध; भदौ २६, २०८१ मा हेरिएको।

[३३] मैनाली, गोपीनाथ। २०७९। व्यवसायीको पकडमा गयो शिक्षा, दलहरू हटाउन चाहँदैनन्। *अनलाइनखबर*, कात्तिक २४। www.onlinekhabar.com/2022/11/1215720 मा उपलब्ध; भदौ २६, २०८१ मा हेरिएको।

[३४] अनलाइनखबर। २०८०। शिक्षकलाई पार्टी सदस्य बनाउनुहुन्न, राजीनामा दिएर आउने बाटो खोलिदिनुपर्छ : गगन थापा। असोज ८। www.onlinekhabar.com/2023/09/1370932/ मा उपलब्ध; भदौ १६, २०८१ मा हेरिएको।

[३५] डुम्रे, लिलु। २०८१। काँग्रेसको विधान संशोधनमा के के विषय उठ्दैछन् ? *अनलाइनखबर*, भदौ २६। www.onlinekhabar.com/2024/09/1537555/ मा उपलब्ध; भदौ ३०, २०८१ मा हेरिएको।

[३६] नयाँपत्रिका। २०८१। ऐनको व्यवस्था र अदालतको आदेशविपरित शिक्षकलाई राजनीतिमा प्रेरित गर्दै प्रधानमन्त्री। भदौ २। www.nayapatrikadaily.com/news-details/147684/2024-08-18 मा उपलब्ध; भदौ १२, २०८१ मा हेरिएको।

[३७] नेपाल प्रेस। २०८१। शिक्षा मन्त्रीको निर्णयप्रति सत्तापक्षकै विमतिः संविधान संशोधन गरेर कारवाही गर्न शिक्षक महासंघको चुनौती। वैशाख ७। www.nepalpress.com/2024/04/19/455858/ मा उपलब्ध; भदौ, १४, २०८१ मा हेरिएको।

[३८] अनलाइनखबर। २०७८। शिक्षकलाई राजनीति गर्न रोके पार्टी सिस्टम नै कमजोर हुन्छ : प्रचण्ड। मङ्सिर ७। www.onlinekhabar.com/2021/11/1043036# मा उपलब्ध; भदौ १४, २०८१ मा हेरिएको।

[३९] अनलाइनखबर। सन् २०२४। शिक्षक आन्दोलनको सम्मान गर्दै सेवामा रहेसम्म दलीय संलग्नता निषेध गर्नुपर्छः रघुजी पन्त। सेप्टेम्बर २०। https://x.com/Online_khabar/status/1837098751304806532 मा उपलब्ध; असोज ७ २०८१ मा हेरिएको।

[४०] शिक्षा तथा मानव स्रोत विकास केन्द्र। २०८१। राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको शिक्षक कर्मचारीलाई कार्यवाही सम्बन्धमा। https://media.edusanjal.com/u/photo1713705520.jpeg मा उपलब्ध; साउन ३०, २०८१ मा हेरिएको।

निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले असार ४, २०८१ मा ८५२ जना शिक्षकले राजनीतिक दलको सदस्यता त्यागेको, २० जना शिक्षकले शिक्षण पेशाबाट राजीनामा दिएको ४५ शिक्षकविरुद्ध उजुरी परेकोमा ४१ जनालाई स्पष्टीकरण सोधिएको र ४ जनालाई सफाइ दिएको बताएकी थिइन् ।[४१] शिक्षक सरुवा तथा नियुक्तिमा भइरहेको राजनीतिक तथा आर्थिक चलखेल रोक्न उनकै नेतृत्वमा शिक्षक सरुवा निर्देशिका जारी भएको थियो ।[४२] जारी भएका निर्देशिका र मन्त्रीले गरेको निर्णय कार्यान्वयन गरिनुपर्ने भए पनि हालका प्रधानमन्त्रीसमेत श्रेष्ठको यो कदमको विरोधमा छन् । उनकै दलकी बहालवाला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले यी निर्णय कार्यान्वयन गर्ने सम्भावना छैन । उनले शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप रोक्न राजनीतिक दलहरूको प्रतिबद्धता आवश्यक रहेको बताएकी थिइन् ।[४३] यद्यपि, उनले शिक्षा क्षेत्रको दलीय राजनीतीकरण रोक्न केही गरेको भने देखिएको छैन ।

## दलगत सङ्गठन खारेजीको बहस

संविधानको धारा ३४ को उपधारा ३ मा प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ भनी उल्लेख छ । विद्यमान शिक्षा ऐनको दफा १६ (ङ) मा पनि सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न एक नेपाल शिक्षक महासंघ रहने व्यवस्था छ ।[४४] सोहीअनुरूप विद्यालय शिक्षा विधेयकमा पनि शिक्षकको एउटै पेशागत ट्रेड युनियन रहने व्यवस्था छ । तर नेपालमा शिक्षक सङ्गठनहरू दलको जनवर्गीय सङ्गठन जस्ता हुनाले त्यसका सदस्यका रूपमा शिक्षकले दलका नेता या कार्यकर्ता सरह काम गरेका छन् ।[४५] यसकारण दलीय शिक्षक सङ्गठन खारेज गरी एउटै ट्रेड युनियन राख्नुपर्ने भन्ने बहस अगाडि आएको छ ।

शिक्षक सङ्गठनका पदाधिकारीहरू भने दलअनुसार ट्रेड युनियन खोल्ने अधिकारलाई जायज मान्छन् । राजनीतिक आबद्धतामाथि बन्देज लगाएर संविधानले दिएको अधिकार कुण्ठित गर्न र ट्रेड युनियन अधिकार हनन गर्न नपाइने उनीहरूको तर्क छ ।[४६] नेपाल शिक्षक महासंघले पूर्वमन्त्री श्रेष्ठको कदमलाई संविधान प्रदत्त ट्रेड युनियन अधिकार नियन्त्रण गर्ने प्रयास मानी ध्यानाकर्षण पत्र निकालेको थियो ।[४७] एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय अध्यक्ष शंकर अधिकारीले नेपालका विभिन्न ठूला राजनीतिक परिवर्तनमा दलहरूले नै शिक्षकलाई प्रयोग गरेको तर अहिले तिनै शिक्षकहरू राजनीतिक आस्थाका आधारमा ट्रेड युनियनमा आबद्ध हुँदा दलीयकरण भएको आरोप लगाउनु न्यायोचित नभएको बताए ।[४८]

नेपाल शिक्षक महासंघमा सदस्य हुन कुनै न कुनै दल निकट शिक्षक सङ्गठनको सदस्य हुनुपर्ने प्रावधान छ । दल निकट सङ्गठनलाई कोटा छुट्याएर सदस्यता दिने गरिएकाले स्वतन्त्र शिक्षक सदस्य हुन पाउँदैनन् । साझा सङ्गठन भनिएको शिक्षक महासंघ नै राजनीतिक दलको प्रभावमा फसेको भन्दै व्यक्ति उम्मेदवार र मतदाता भएको एकल ट्रेड युनियन खोल्न ढिलाइ गरेमा शैक्षिक प्रशासनको प्रभावकारिता र सुशासन सम्भव नहुने कतिपयको भनाइ छ ।[49] पेशागत हकहितका लागि भनिएका शिक्षक महासंघ र सङ्गठनहरू दलको कठपुतली बनेका छन् र स्वतन्त्र शिक्षकलाई अन्याय पर्दा आवाज उठाइदिँदैनन् भन्ने गुनासो केही शिक्षकहरूको छ ।[५०]

शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइराला दलहरूको विधानमा शिक्षकलाई राजनीतिक दलको सदस्य नबनाउने भनेर किटान नगरेसम्म, भातृ सङ्गठन खारेज नगरे र शिक्षामा दलीय हस्तक्षेप हटाउनेबारे शीर्ष नेताहरूले प्रतिबद्धता नगरेसम्म ऐन, कानून र जुनै निकायले भने पनि केही नहुने बताउँछन् ।[५१]

## निष्कर्ष

नेपाली शिक्षा क्षेत्रको विकासमा शिक्षकको योगदान हुनु स्वाभाविकै हो । तर नेपालको राजनीतिक आन्दोलन र सामाजिक रूपान्तरणको आलोकमा हेर्ने हो भने पनि शिक्षकहरूको योगदान महत्त्वपूर्ण छ । तिनले पञ्चायती व्यवस्थाविरुद्ध र राजा ज्ञानेन्द्रले शासन सत्ता हडपेपछिको जनआन्दोलनमा सक्रिय योगदान दिएका थिए । अशिक्षित समाजमा एउटा शिक्षित व्यक्तिको उपस्थिति मात्रै पनि महत्त्वपूर्ण थियो । तिनले गर्ने ज्ञान र चेतनाको प्रसार विद्यालयको चौघेरामा मात्रै सीमित थिएन । त्यसैले शिक्षकलाई सामाजिक र राजनीतिक परिवर्तनको संवाहक मान्दा अन्यथा हुँदैन ।

तर, नेपालमा सार्वजनिक विद्यालयका शिक्षकको अत्यधिक राजनीतिकरणबारे बहस बढ्दो छ । कतिपयले शिक्षक सङ्गठनहरू मौलिक संवैधानिक अधिकारका रूपमा आएका र तिनले राजनीतिक झुकाव राख्दैमा

---

[४१] प्रशासन डेस्क । २०८१ । मन्त्रालयको निर्देशनपछि पद नै त्यागेर राजनीतिमा । असार ४ । www.prasashan.com/2024/06/18/566370/ मा उपलब्ध; भदौ १२, २०८१ मा हेरिएको ।

[४२] शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय । २०८१ । शिक्षा तथा प्रविधि मन्त्री सुमना श्रेष्ठको सय दिनको कामको प्रगति विवरण । https://giwmscdnone.gov.np/media/app/public/288/posts/1721200647_49.pdf मा उपलब्ध; भदौ २४, २०८१ मा हेरिएको ।

[४३] कान्तिपुर । २०८१ । शिक्षामा राजनीतिक हस्तक्षेप रोक्न दलहरूको प्रतिबद्धता चाहिन्छ : शिक्षा मन्त्री भट्टराई । भदौ १२ https://ekantipur.com/Education/2024/08/28/political-interference-in-education-requires-the-commitment-of-parties-education-minister-bhattarai-09-51.html मा उपलब्ध; भदौ १५,२०८१ मा हेरिएको ।

[४४] नेपाल कानून आयोग । २०८१ । शिक्षा ऐन २०२८ । https://hr.parliament.gov.np मा उपलब्ध; भदौ १८, २०८१ मा हेरिएको ।

[४५] शर्मा, लक्ष्मण । २०८० । नेपाल शिक्षक संघ चाहिने भए ... । *अनलाइनखबर*, वैशाख १९ । www.onlinekhabar.com/2023/05/1301059 मा उपलब्ध; भदौ १८, २०८१ मा हेरिएको ।

[४६] लक्ष्मी प्रसाद सुवेदीसँग भदौ ७, २०८१ मा गरिएको कुराकानी ।

[४७] नेपाल शिक्षक महासंघ । २०८१ । ध्यानाकर्षण पत्र । https://edupatra.com/news/accused-the-federation-of-trying-to-control-the-trade-union-rights-granted-by-the-constitution/ मा उपलब्ध; भदौ १८, २०८१ मा हेरिएको ।

[४८] अधिकारीसँग भदौ ८, २०८१ मा गरिएको कुराकानी ।

[४९] खतिवडा, डम्बर । २०८० । शिक्षा क्षेत्रका समस्याबाट भागिरहेका दल र शिक्षक संगठन । *अनलाइनखबर*, असोज ७ । www.onlinekhabar.com/2023/09/1369990 मा उपलब्ध; भदौ २५, २०८१ मा हेरिएको ।

[५०] ढकाल, सुनिता । २०७७ । शिक्षक किन निशानामा ? *सेतोपाटी*, मङ्सिर २५ । www.setopati.com/blog/223332 मा उपलब्ध; भदौ २८, २०८१ मा हेरिएको ।

[५१] कोइरालासँग भदौ २८, २०८१ मा गरिएको कुराकानी ।

केही समस्या नहुने मान्यता राख्छन् भने अन्यले शैक्षिक गुणस्तर कमजोर हुनुमा शिक्षकको दलीय आबद्धता पनि जिम्मेवार भएको तर्क गर्छन् । यी दोस्रो खाले तर्क गर्नेहरूको अडान दलीय राजनीतिमा सक्रिय शिक्षक सङ्गठन पूर्ण रूपमा विघटन गर्नुपर्ने भन्ने छ । राजनीतिक दलले शिक्षक सङ्गठनहरूबाट लाभ लिइरहेका छन् एकातिर भने अर्कातिर शिक्षकले पनि नियुक्ति, सरुवा, बढुवाजस्ता सुविधाका लागि राजनीतिक पहुँच उपयोग गरिरहेका छन् । फलस्वरूप शिक्षकको कार्यसम्पादनभन्दा राजनीतिक पहुँच प्रभावकारी बन्न पुगेको छ । यसले सम्पूर्ण सार्वजनिक शिक्षा र विद्यालय प्रणालीमा समेत जनताको विश्वास घटाउँछ ।

विद्यालय शिक्षाको नयाँ विधेयकमा शिक्षकको अति राजनीतिकरणलाई रोक्नुका साथै उनीहरूको ट्रेड युनियन अधिकार पनि हनन नहुने सुनिश्चित गर्न आवश्यक छ । शिक्षकहरूलाई दलका सदस्यको रूपमा व्यवहार गर्ने प्रचलन अन्त्य गर्न र शिक्षा प्रणालीमा व्यावसायिकता एवं निष्ठा प्रवर्द्धनमा ध्यान दिनु राजनीतिक दलहरूको पनि जिम्मेवारी हो । निर्वाचन आयोग जस्ता स्वायत्त नियामक निकायहरूलाई विद्यमान कानून लागू गर्न र शिक्षकहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी दीर्घकालीन व्यावसायिक कुशलता प्रदर्शन गर्न सक्ने गरी प्रोत्साहन गर्न आवश्यक छ ।

◆◆◆

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**
कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/